नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०७९ (February 2023) वर्ष २६/अङ्क २८८

## प्रशस्तताको वर्ष २०२३

– पाष्टर प्रेम श्रेष्ठ

भजनसंग्रह १४४:१३ :- **हाम्रा धनसारहरू हरकिसिमका अन्नहरूले भरिनेछन्, हाम्रा भेडाहरू हजारौं गुणा बढ्नेछन्, हाम्रा खेतमा ती लाखौं हुनेछन् ।**

विगत केही वर्षदेखि निरन्तर हाम्रो आर्थिक अवस्था, सामाजिक अवस्था, आत्मिक अवस्थामा केही चिसोपन, नोक्सानी, र अभावको अवस्थाबाट हामी सबै जना गुज्रिरहेको हामी सबैलाई विदितै छ । यस्तो परिस्थितिमा हाम्रो परमेश्वर जो आशाको परमेश्वर, भरोसाको परमेश्वर र चँगाईको परमेश्वरले हामीलाई अनवरत डोऱ्याइरहनुभयो । परमेश्वरले हामीलाई सधैं गरीबी, अशान्ति, रोगी बिमारी, सधैं अभावमा परेको अवस्थामा रहन बोलाउनुभएको होइन । त्यसकारण यो वर्ष २०२३ लाई परमेश्वरले हामी सबैको निमित्त प्रशस्तताको वर्षको रूपमा दिन चाहनुहुन्छ । त्यसकारण हामी सबै परिवार-परिवार मिलेर आ-आफूलाई परमेश्वरमा समर्पण गरौं र परमेश्वरको स्वर्गीय इच्छाअनुसारको प्रशस्तताको आशिष, चँगाई, उन्नति, प्रगति, शान्ति, समृद्धि प्राप्त गर्न सकौं साथै यो वर्ष हाम्रो लागि प्रशस्तताको वर्ष हुन सकोस् ।

मर्कूस ४:२० :- **"तर असल जमीनमा छरिएकाहरू ती हुन्, जसले वचन सुन्छन्, र ग्रहण गर्छन्, र फल दिन्छन् तीस गुणा, साठी गुणा र सय गुणा ।" वृद्धि हुन्छ, साथै व्यवस्था १:११ :-** (परमप्रभु **तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई हजार गुणा अरू वृद्धि गरून् र उहाँले प्रतिज्ञा गर्नुभएअनुसार तिमीहरूलाई आशिष् देऊन् ।**) मा हजार गुणा वृद्धिको बारेमा सुनेका र पढेका थियौं तर भजनसंग्रह १४४:१३ सय मात्र होइन, हजार मात्र होइन तर लाखौंको वृद्धि मात्रै उल्लेख गरिएको छ र सबै वचन परमेश्वरको आत्माको प्रेरणाले लेखिएको भएकाले हामीले यी सबै स्वीकार्न जरुरी छ । जहाँ हाम्रो धनसारहरू विभिन्न अनाजहरूले भरिएको हुन्छ, हाम्रा पशुपालनका खोरहरूमा हजारौंको वृद्धि हुनेछ र हाम्रा खेतबारीमा ती लाखौं-लाख बढ्नेछन् । यी सबै आशिषहरू परमेश्वरले हाम्रा निम्ति राखिदिनुभएको छ । २ पत्रुस १:३:- **'आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ ।'** साथै परमेश्वरले आफ्नो महिमाको सम्पत्तिअनुसार हाम्रो सम्पूर्ण खाँचो पूरा गर्न सक्नु हुन्छ । फिलिप्पी ४:१९-२० :- **'मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनुहुनेछ । अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस् । आमेन ।'** तर यो प्रशस्तताको आशिष् पाउनुभन्दा पहिले हामीले केही काम गर्नुपर्छ, जस्तैः-

१) **हाम्रो प्राथमिकतामा नयाँपन ल्याउनुपर्छः**

हाम्रो प्राथमिकताको पहिलो स्थानमा खीष्ट, उहाँको वचन, उहाँको आराधना, प्रार्थना, मण्डलीका संगति, बालसंगति, पुरुष संगति, दिदी बहिनीको संगति, जवानहरूको बाइबल अध्ययन गर्नु जरुरी छ । जब उहाँलाई हामी खोज्छौं, हामीले भेट्छौं । संगतिहरूमा नगएकाहरूलाई गएकाहरूले लिएर जाने गर्नु पर्दछ ।

२) **हाम्रो उद्देश्यमा नयाँपनः**

संसारमा उद्देश्यविहीन मान्छेहरू पनि हुन्छन् र त्यस्ता मानिसहरू अर्थविहीन जीवन जिउँदछन् र व्यर्थका कुराहरूमा समय खेर फाल्दछन् । त्यस्ताहरूको पछि लाग्नु हुदैंन, त्यसकारण हाम्रो उद्देश्य त येशू जस्तै हुनु नै हो र त्यहाँ पुग्न धेरै चरणहरू पार गरेर जानु पर्दछ । विना उद्देश्यका मानिसहरू पावलले भने जस्तै हावालाई खेद्ने जस्तै, हावामा मुक्का हान्ने जस्तै हुन्छन् । वास्तवमा त्यस्ताहरूको कुनै उद्देश्य हुदैंन, त्यस्ताहरूले प्रशस्तताको जीवन उपभोग गर्न पाउँदैनन् र अन्ततोगत्वा निराशामा नै नाश हुन्छन् कारण जीवनभरि निराशाकै कुरा गरेर समय खेर फाल्दछन् र त्यस्ता उछिट्टिएर आएको तितो जरा जसले पूरै समाजलाई बिटुलो पार्दछन्ः हिब्रू १२:१५:- **ध्यान देओ, कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि बञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आइकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस् ।** त्यस्ताहरूको लागि प्रार्थना गरौं ।

३) **जीवनको दर्शनमा नयाँपनः**

हितोपदेश २९:१८:- **जहाँ दर्शन-प्रकाश छैन, त्यहाँ मानिसहरू भाँडिन्छन् । तर त्यो मानिस धन्य हो, जसले व्यवस्था पालन गर्छ ।**

बाइबलले बताउँदछ दर्शन नभएको मानिस, दर्शन नभएको समुह, दर्शन नभएको समाज, दर्शन नभएको मण्डलीमा भाँडभैलो वा छाडापन आउँदछ, दर्शन त्यो होइन जो सुतेको बेलामा देखिन्छ । त्यो त अर्धचेतनाको सँकेत मात्र हो तर दर्शन त्यो हो जसले हामीलाई निदाउन दिदैंन, दर्शन त्यो हो जसले समाजलाई, व्यक्तिलाई, मण्डली-परिवारलाई डोऱ्याउँदछ, यदिं हामी दर्शन विहीन भएर अर्थहिन, व्यक्तिगत स्वार्थमा लिप्त भएर हिँडेका छौं भने अब हामी प्रभुसँग नयाँ दर्शन मागौं र पाउनेछौं । यदि हाम्रो दर्शनमा खिया लागेको वा भुत्ते भएको छ भने त्यस्ता कुरालाई हराऔं र परमेश्वरबाटको विशेष् दर्शन अर्थात् वचन मागौं र प्राप्त गर्दै त्यसलाई जीवनको दर्शन बनाऔं र प्रशस्तताको जीवन प्राप्त गरौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माघ २८ February 11 | एल्डर अर्जुन ढकाल | श्री सरुष तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन राम ब. तामाङ्ग | एल्डर मान ब. मगर | एल्डर सिमोन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | डीकनेस् शान्ता मगर | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | एल्डर पेशल राई |
| फागुन ६ February 18 | एल्डर रत्नमान महर्जन | श्रीमती माया श्रेष्ठ | डीकनेस् रमा राई | डीकन भूपाल तामाङ्ग | श्री मिन ब. तामाङ्ग | पाष्टर रोल्याण्ड रेंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | श्री स्टिफन राई | डीकन अनिल चौधरी | एल्डर यमदेवी पोखेल | श्री लेखनाथ पौडेल |
| फागुन १३ February 25 | श्री लेख नाथ पौडेल | डीकन राजु तामाङ्ग | एल्डर सुरेश पुर्कुटी | एल्डर बाग मान तामाङ्ग | श्री सुचन तामाङ्ग | श्री स्टिफन राई | पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | एल्डर आमोस खालिङ | श्री डा. सुदान रूचाल | एल्डर लाक्पा लामा |
| फागुन २० March 4 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | श्री पिटर घिमिरे | डीकनेस् सरीता नकर्मी | श्री वीरध्वज तामाङ्ग | पाष्टर घन श्याम दाहाल | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | डीकन कुमार नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ |

**४) पुराना कुरालाई दफन गरौं:**

फिलिप्पी ३:७-९ :- **तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठानें । साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानी नै ठान्दछु । ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ । व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्‍वासद्वारा परमेश्‍वरबाट आउने धार्मिकता हो ।**

२ कोरिन्थी ५:१७:- **यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।**

कतिपटक पुराना कुराहरूले हामीलाई भार तुल्याउँदछ, दिक्क लाग्दछ, हामी प्रशस्तताको आशिषमा प्रवेश गर्न यी पुराना कुराहरूलाई छाड्नु जरुरी छ । पावल भन्दछन्, "मलाई मन पर्ने कुरा यदि ख्रीष्टलाई मन पर्दैन भने त्यसलाई म धमिलो सम्झन्छु, व्यर्थको सम्झन्छु ।" हामी उकालो बाटो भएर माथि जादैंछौं भने नचाहिने भारी, फोहोरको डुङगुरलाई फाल्न, गाड्न जरुरी छ त्यसकारण ख्रीष्टमा भएकाहरू नयाँ सृष्टि हुन् अब थोत्रा, सडेका, कुहिएका, अरूको अपमान गर्ने, कुरा काट्ने, कुरा ओसार्ने काम तुरुन्त बन्द गर्दै नयाँ प्रशस्तताको आशिषको वर्षमा प्रवेश गरौं । यसैले यो वर्ष हामी सबैको लागि आशिषको वर्ष मात्र होइन तर प्रशस्तताको वर्ष हुन सकोस् । आमेन् ।

## जानकारी



कलंकी बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती माया शाह ६१ वर्षको उमेरमा पौष १६ गते/डिसेम्बर ३१ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



चाँगु बस्नुहुने नेइम चाँगु चर्चको सदस्य श्री गोरखा बहादुर लामा ८३ वर्षको उमेरमा पौष २८ गते/जनवरी १२ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



मैतिदेवी बस्नुहुने नेइम ज्ञानेश्‍वर चर्चको एल्डर श्री गणेश सामुएल खड्का क्षेत्री ७१ वर्षको उमेरमा पौष २० गते/जनवरी ०४ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

जोरपाटी बस्नुहुने नेइम जोरपाटी सदस्य चर्चको श्रीमती तिर्थ माया सुनुवार ८८ वर्षको उमेरमा माघ ७ गते/जनवरी २१ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

# शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माघ २८ February 11 | डीकन सुनिल मुनिकार | श्रीमती सलोमी दों | श्रीमती सावित्री नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ | सुश्री उषा गौतम | श्री उमेश मगर | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोेदेन कार्थक | एल्डर जोरविर राई |
| फागुन ६ February 18 | श्री प्रेम गुरूङ्ग | श्री आशुतोष नगरकोटी | पााष्टर प्रेम श्रेष्ठ | डीकन कृष्ण तामाङ्ग | श्री उमेश मगर | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर कर्ण तामाङ्ग | डीकन डी.बी. राई |
| फागुन १३ February 25 | एल्डर अर्जुन ढकाल | डीकन सुनिल मुनिकार | श्री अमृत लामा | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | श्री उमेश मगर | श्री अमृत लामा | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पिटर लिम्बू | श्री अनिल आले | डीकन सञ्च ब. राई |
| फागुन २० March 4 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोेदेन कार्थक | एल्डर जोरविर राई |

# हार्दिक बधाई



माघ १ गते/जनवरी १५ तारिख, आइतबार नेइम भैंसेपाटी चर्चका सदस्यहरू श्री सागर राई र सुश्री सुहाना चाम्लिङ राईको नेइम भैंसेपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ २ गते/जनवरी १६ तारिख, सोमबार नेइम ललितपुर चर्चका सदस्य श्री इम्मानुएल तामाङ्ग र पूर्ण जीवित चर्चको सदस्य सुश्री यमिमा मंक्रान्तिको नेइम ललितपुर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ४ गते/जनवरी १८ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चका सदस्य सुश्री सबिना बि.क. र बेथलेहेम फेलोसिप दार्जिलिङ्गको सदस्य श्री सोलोमन तामाङ्गको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




माघ ९ गते/जनवरी २३ तारिख, सोमबार नेइम गुरुजुधारा चर्चका सदस्य सुश्री प्रतिका अधिकारी र बेथेल चर्च, सुर्खेतको सदस्य श्री संजय पाण्डेको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



माघ ९ गते/जनवरी २३ तारिख, सोमबार नेइम गोंगबूँ चर्चका सदस्य सुश्री तोमिना राई र सलोम एजी चर्च, रामेछापको सदस्य श्री गणेश सुनुवारको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## फरवरी महिनाको कार्यक्रम

फागुन १ गते/फरवरी १३ तारिख सोमबार उपवास प्रार्थना समय: बिहान १०:०० बजे, आ-आफ्नो मण्डलीमा ।

फागुन ७ गते/फरवरी १९ तारिख आइतबार नेइम संयुक्त पुरुष रीट्रिट समय: बिहान १०:०० बजे, स्थान: नेइम ललितपुर चर्च ।

## मिशनेरीहरूको लागि प्रार्थना

श्रीमती सेल्भी नेपाली र परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष् प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

३. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

४. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २२ 5<br>नेपालमा भएका सम्पूर्ण विश्‍वासीहरूको असल साक्षीद्वारा धैरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ | २९ 12<br>नेपाली इसाई मण्डली तथा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ७ 19<br>विभिन्‍न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धैरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १४ 26<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | २३ 6<br>येशू प्रभुलाई विश्‍वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपले परिवर्तित भएर परमेश्‍वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १ फागुन 13<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ८ 20<br>आखिरी दिनहरूमा संसारको धैरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्‍वरले नै सबै विश्‍वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १५ 27<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ |
| **मंगलबार** Tuesday | २४ 7<br>परिवारका सबै सदस्यहरू परमेश्‍वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | २ 14<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | ९ 21<br>येशू प्रभुलाई विश्‍वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्‍वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १६ 28<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २५ 8<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३ 15<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | १० 22<br>येशू प्रभुलाई विश्‍वास गर्नेहरू केवल विश्‍वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १७ March 1<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ |
| **बिहीबार** Thursday | २६ 9<br>परमेश्‍वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | ४ 16<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्‍न सकौं ।<br>रोमी १२:९-२१ | ११ 23<br>सबै विश्‍वासीहरू परमेश्‍वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्‍वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १८ 2<br>मण्डलीका सबै विश्‍वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २७ 10<br>परमेश्‍वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ५ 17<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १२ 24<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १९ 3<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २८ 11<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ११९:१-१६ | ६ 18<br>विभिन्‍न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्‍वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १३ 25<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | २० 4<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**म यहूदा र इस्राएललाई कैदबाट फर्काएर ल्याइदिनेछु, र तिनीहरूलाई फेरि अघिजस्तै निर्माण गर्नेछु । मेरो विरुद्धमा गरेका तिनीहरूका सबै पापदेखि म तिनीहरूलाई शुद्ध पार्नेछु, र मेरो विरुद्धमा बागी भएर गरेका तिनीहरूका सबै पाप क्षमा गर्नेछु । तब यो शहर पृथ्वीका सबै जातिहरूका सामुन्ने मेरो निम्ति सुनाम, आनन्द, प्रशंसा र सम्मान दिने हुनेछ । ती जातिहरूले, जब मैले यसलाई गरेका असल कामहरू र उन्‍नतिका कुराहरू सुन्छन्, तब मैले यसलाई दिएको प्रशस्त सुख-शान्तिको कारण उनीहरू डराएर थरथर काम्नेछन् ।** **यर्मिया ३३:७-९**


प्रकाशकः नेइम ज्ञानेश्‍वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,